| ११८. | जुठे तामाङ | काठमाडौं | इन्द्रायणी | ८ | २६० | ०-१४-०-० | |
| | | | पुखुलाछी | ८ख. | १८ | १-०-०-० | |
| ११९. | भगवान थापा | काठमाडौं | इन्द्रायणी | ८ | २३७ | ०-२-१-० | |
| १२०. | कान्छी पण्डित | काठमाडौं | डाँछी | २क. | १४९ | ०-४-०-० | |
| | | | | २क. | २९१ | ०-१०-२-० | |
| | | | | २क. | १४६ | ०-०-२-० | |
| | | | | २क. | १४७ | ०-१-०-० | |
| | | | | २क. | १४८ | ०-३-२-० | |
| १२१. | जनार्दन खड्का | काठमाडौं | इन्द्रायणी | २ | १०५७ | १-१२-३-० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२२. | बुद्धि बहादुर तामाङ | काठमाडौं | डाँछी | १ | २२९ | ०-४-०-० | |
| १२३. | एभरेष्ट लाइभ स्टोर | काठमाडौं | डाँछी | ८ग. | १२९ | ०-८-०-० | |
| १२४. | प्रेमकृष्ण श्रेष्ठ | काठमाडौं | डाँछी | २क.<br>२ख. | १५४<br>३१२ | ०-०-३-०<br>०-०-२-० | |
| १२५. | हरिशंकर श्रेष्ठ | काठमाडौं | डाँछी | २क.<br>क.<br>२ख. | २६६<br>१४५<br>३०२ | १-४-२-०<br>०-१-०-०<br>०-०-१-० | |
| १२६. | चन्द्र बहादुर कटुवाल | काठमाडौं | इन्द्रायणी | ६ | ९३४ | १-१-२-० | |
| १२७. | प्रेम बहादुर श्रेष्ठ | काठमाडौं | इन्द्रायणी | ६ | ३७४ | ०-८-०-० | |
| १२८. | रुद्र बहादुर थापा | काठमाडौं | इन्द्रायणी | ६ | २२२ | ०-१४-० | |
| १२९. | जयराम खड्का | काठमाडौं | इन्द्रायणी | ५<br>५ | १००५<br>१००७ | ०-२-०-०<br>०-२-०-० | |

उल्लिखित जग्गासँग जोडिएको साँखुबाट चाबहिल आउने-जाने बाटो विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणले विस्तार गरी २२ मिटरको बाटो बनाउने भनी सडकको दुवै तर्फका जग्गाहरुमा नाप नक्शा गरी सडकको केन्द्र विन्दुबाट ११।११ मिटरमा सडकमा पर्ने जग्गाको साँध सीमाना छुट्याई चिन्ह लगाउँदै आएकोमा काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ अनुरुपका सडकहरु तथा प्रस्तावित guided land development अनुसार सडक विस्तारका लागि हालसम्म चिन्ह लगाइएका सडक सँगैका जग्गाधनीहरुले घर जग्गाको क्षतिपूर्ति पाउन विपक्षी प्राधिकरणमा बुझ्न जाँदा घरको हकमा मात्र क्षतिपूर्ति दिने र जग्गाको हकमा क्षतिपूर्ति नदिने भनी जवाफ दिएको र सडकको दायाँ-बायाँ हामीहरुको जग्गामा विपक्षी प्राधिकरणले नेपालको संविधानको धारा १६, १७, १८, २५, २७, ३७ द्वारा प्रत्याभूत सम्पत्ति सम्बन्धी हकको हनन् हुने गरी सार्वजनिक सडक ऐन, २०३१ को प्रस्तावना र दफा ४; जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ तथा नगर विकास ऐन, २०४५ को विपरित नेकाप २०७२, अङ्क १२, नि.नं. ९५०८ मा प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल गैरकानूनी रुपमा जबरजस्ती बाटो विस्तारका लागि वाल लगाउन ठाउँ-ठाउँमा ढुङ्गा, बालुवा थुपार्न थालेको हुँदा प्रस्तुत निवेदनका साथ उपस्थित भएका छौं।

२. यसरी, हामीहरुको उल्लिखित घर जग्गामा कानूनी प्रक्रिया पूरा नगरी जबरजस्ती विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरण समेतले काठमाडौं उपत्यकाभित्र नगरपालिका तथा नगरोन्मुख गा.वि.स. हरुमा निर्माण गर्ने मापदण्ड, २०६४ बमोजिम बाटोको दुवैतर्फ ११।११ मिटर हुने गरी सडक विस्तार गर्ने भनी जग्गाको उचित मुआब्जाबिना अतिक्रमण गरी सडक निर्माण गर्ने गरी विपक्षीले गरेको निर्णय लगायतका सम्पूर्ण काम कारवाही तत्काल अन्तरिम आदेश जारी गरी यथास्थितिमा राखी उक्त निर्णय लगायतका सम्पूर्ण कामा कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ। हामी निवेदकहरुलाई उचित र पर्याप्त क्षतिपूर्ति दिने गरी अधिग्रहण प्रकृया अवलम्बन नगरेसम्म हामीहरुको हकभोग, चलनमा रहेको घर जग्गामा प्रवेश गर्ने, घर पर्खाल भत्काउने, जग्गामा पर्खाल लगाउने लगायतका कुनै पनि गैरकानूनी कार्य नगर्नू नगराउनू भनी विपक्षीहरुको नाउँमा प्रतिषेध लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरि पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन।

३. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारणसहित बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १ देखि ५ सम्मको हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य विपक्षीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको नक्कल समेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। साथै अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा, विपक्षीहरुको जिकिर समेत सुनी आदेश गर्न उचित हुने हुँदा तत् सम्बन्धी छलफलको लागि मिति २०७४।०८।१२ को तारेख तोकी छलफलको सूचना सम्बन्धित पक्षलाई दिई कानून बमोजिम गरी पेश गर्नू भन्ने समेत यस अदालतबाट मिति २०७४।०८।०४ मा भएको आदेश।

४. सार्वजनिक सडकलाई नेपाल सरकारले राजमार्ग, सहायक मार्ग र सहरी मार्गमा वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखाबाट दायाँ-बायाँ दुवैतिर एकतीस मिटरमा नबढाई सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ६।६ मिटरमा नबढ्ने गरी तोकेको फासलाभित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी संरचना वा भवन निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्ने र नगर विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत् सम्बन्धी प्रचलित कानून बमोजिम हुने

व्यवस्था सार्वजनिक सडक ऐन, २०३१ को दफा ३क मा गरिएको छ। नेपाल सरकारले ऐ. ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरी गोकर्ण-साँखु सडक खण्डलाई सहायक मार्ग तोकी उक्त मार्गको सडक सीमा केन्द्ररेखा देखि दायाँ-बायाँ दुवैतिर १५।१५ मिटर (नेपाल राजपत्र, भाग ३, मिति २०३४।०३।२०) साविकमै तोकिसकेको हुँदा उक्त सडक सीमाभित्रै रही काठमाडौं उपत्यका विकास प्राधिकरणबाट साँखुबाट चाबहिल आउने-जाने बाटो २२ मिटर बनाउने भनी ११।११ मिटर सडक विस्तार गरी सडकको स्तरोन्नती गरी व्यवस्थित शहर बनाउने सम्बन्धमा भएको काम कारवाहीलाई रिट निवेदकले विना कारण, आधार र प्रमाण दायर गरेको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण नहुँदा खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ।

५. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने तथा सम्मानीत अदालतको आदेश कार्यान्वयन गरी नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ। जहाँसम्म सडक विस्तार सम्बन्धी विषय छ, सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरुको वर्गीकरण गरी तिनीहरुको निर्माण, संभार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिव माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडक ऐन, २०३१ जारी भएको पाइन्छ। नेपाल सरकारले मापदण्ड विपरित अतिक्रमित सार्वजनिक सडक खाली गराउने एवं सडक विस्तार गर्ने कार्यलाई प्राथमिकता प्रदान गरी सोही अनुरुप कार्य गर्दै आएको छ। रिट निवेदनमा उल्लेख भएका अन्य विषयका सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस कार्यालयको लिखित जवाफमा थप उल्लेख गरिरहनु पर्ने देखिएन भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

६. यस प्राधिकरणले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २६ अनुसार नेपाल सरकारको नीति, निर्देशन बमोजिम कार्य गर्ने भएको निकाय भएको हुँदा तत्कालिन श्री ५ को सरकारको निर्णय बमोजिम सडकको वर्गीकरण गरी मिति २०३४।०३।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको र सो सूचनामा गोकर्ण-साँखु सडकको चौडाई १०।१० मिटर निर्धारण गरिएको हुँदा विपक्षीले सोउपर केही कार्य नगरी हाल विवाद गर्न मिल्ने होइन। विपक्षी रिट निवेदकको संवैधानिक एवं

कानूनी हकमा आघात पुग्ने गरी यस प्राधिकरणबाट कुनै कार्य भए. गरेको छैन। काठमाडौं उपत्यका विभिन्न स्थानमा नेपाल सरकारको नीति, निर्देशन एवं कानून बमोजिम सडक विस्तार गर्ने कार्य भैरहेको छ। नेपाल सरकारले काठमाडौं उपत्यका भित्रका नगरपालिका एवं नगरोन्मुख गा.वि.स. हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ स्वीकृत गरी लागू गरेको र सोही मापदण्ड अनुसार यस प्राधिकरणले गोकर्णदेखि साँखुसम्म आर्टेरियल सडक तोकी मौजुदा सडकको केन्द्रबिन्दुबाट दुवैतर्फ ११।११ मिटर हुने गरी २२ मिटर फराकिलो सडक बनाउन चिन्ह लगाउने कार्य भएको सम्मानित अदालत समक्ष सादर निवेदन छ। जहाँसम्म क्षतिपूर्तिको माग छ नेपाल सरकारले निर्धारण गरेको सीमा क्षेत्रभित्र बनेका भौतिक संरचनाको क्षतिपूर्ति प्रदान हुन नसक्ने प्रावधान एकातर्फ छ भने निवेदकले मिति २०३४।०३।२० मा तत्कालिन श्री ५ को सरकारले तोकेको सडकसीमा भित्रको जग्गाको क्षतिपूर्ति माग गर्नु काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ विपरित रहेको र सो ऐनमा क्षतिपूर्तिको व्यवस्था नभएको हुँदा जोकोहीले सरकारले निर्धारण गरेको सडकसीमा मिची कुनै भौतिक संरचना बनाउन नपाउने र उपभोग गर्न नपाउने हुँदा नेकाप २०७०, अङ्क २, नि.नं. ८९६६ मा प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकूल रहेको रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको काठमाडौं उपत्यका विकास प्राधिकरण समेतको लिखित जवाफ।

७. सार्वजनिक हित र सुविधाका लागि सडक निर्माण गर्ने, सडक विस्तार गर्ने कार्य नेपाल सरकारको हो। यसै सिलसिलामा कानून बमोजिम अधिकारप्राप्त निकायबाट सार्वजनिक हितका खातिर सडक विस्तारका लागि प्रारम्भिक रुपमा निवेदकहरुको घर, जग्गाको पर्खालमा चिन्ह लगाउने कार्य प्रचलित कानून बमोजिम नै भएकोले यस कार्यलाई अन्यथा भन्न मिल्ने हुँदैन। यस कार्यबाट निवेदकहरुको हक अधिकार हनन् नहुने भएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ। रिट निवेदनमा उल्लेख गरेको विषयमा यस मन्त्रालयबाट कुनै निर्णय नभएको व्यहोरा अनुरोध छ। साथै, रिट निवेदकले यस मन्त्रालयको के-कुन काम कारवाहीबाट निजको हक अधिकार हनन् भयो भनी खुलाउन सकेको छैन। तसर्थ रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, शहरी विकास मन्त्रालयको लिखित जवाफ।

८. यस नगरपालिकाबाट घर भत्काउन चिन्ह लगाउने तथा जग्गामा किला ठोकी घर जग्गाबाट हट्नू भनी सूचना जारी भएको छैन। रिट निवेदकको जग्गामा बाटो विस्तार गर्ने, घर भत्काउने, कब्जा गर्ने कार्यहरु यस नगरपालिकाको अधिकारक्षेत्रभित्र नभएको,

नेपालको संविधान र अन्य नेपाल कानून बमोजिम प्रकृया पुरा गरी निज निवेदकहरुले घर जग्गाको मुआब्जा पाउने अवस्थामा यस नगरपालिकाबाट दिन नपर्ने हुँदा निज निवेदकहरुले यस नगरपालिकालाई विपक्षी नै बनाउन नपर्ने अवस्थामा विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको कागेश्वरी मनोहरा नगरपालिका कार्यालयको लिखित जवाफ।

९. रिट निवेदकहरुले रिट निवेदनमा उल्लेख गरे अनुसार घर जग्गा कब्जा गर्ने, जबरजस्ती वाल लगाउने र बाटो विस्तार गर्ने जस्ता कार्य यस नगरपालिकाले नगरेको र यस नगरपालिकाको कृयाकलापबाट रिट निवेदकको संविधान प्रदत्त मौलिक हक कुण्ठित पार्ने कार्य नभएको, नगरेको हुँदा यस कार्यालय समेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको शंखरापुर नगरपालिका कार्यालयको लिखित जवाफ।

१०. यस मन्त्रालयले गरेको कुनै कार्यबाट रिट निवेदकलाई मर्का परेको अवस्था देखिँदैन। काठमाडौं उपत्यका विकास प्राधिकरण यस मन्त्रालय अन्तर्गत नभई फरक निकाय रहेको अवस्थामा उक्त निकायको काम कारवाही सम्बन्धमा यस मन्त्रालयले केही गर्ने वा नगर्ने भन्ने प्रसंग नै आउँदैन। तसर्थ, विषयवस्तुसँग प्रत्यक्ष सरोकार नरहेको र कार्यान्वयनमा जिम्मेवारी नरहेको विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई दर्ता गरेको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

११. संवैधानिक एवं कानूनी आधारमा सार्वजनिक हितलाई ध्यानमा राखी काठमाडौं उपत्यका लगायत नेपाल राज्यभरका विभिन्न भागहरुमा सडक विस्तार र सडक निर्माणको कार्य भैरहेको व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध छ। नेपाल सरकार अन्तर्गतका सम्बन्धित निकायहरुबाट राष्ट्रिय आवश्यकता अनुसार कानून बमोजिम तोकिएको प्रक्रिया र मापदण्ड अनुसार सडक विस्तार तथा सडक निर्माणको क्रममा भए, गरेका कामका सम्बन्धमा बिनाकारण यस विभागलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन कानूनसम्मत छैन। यस विभागको के-कुन मितिको निर्णय र के-कस्तो काम कारवाहीबाट रिट निवेदकको संवैधानिक एवं कानूनी हक अधिकारमा बाधा पुग्ने काम भयो भनी निवेदकले स्पष्ट रुपमा निवेदनमा प्रस्तुत गर्न सकेको देखिँदैन। यदि सार्वजनिक सडकको निर्माण विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा नेपाल सरकारले प्राप्त गर्नुपर्ने अवस्था भएमा प्रचलित कानून बमोजिम हुने नै हुँदा बिनाकारण र

आधार यस विभागलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको सडक विभागको लिखित जवाफ।

## आदेश खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी हेरियो।

१३. निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री राजकुमार श्रेष्ठले, रिट निवेदकहरुको चाबहिल-साँखु सडक खण्डसँग जोडिएका घर जग्गा भएका व्यक्तिहरु हुन्। निवेदकहरुको घर जग्गाको सम्पूर्ण व्यहोरा रिट निवेदनमा उल्लेख गरिएको छ। आ-आफ्नो स्वामित्वको उक्त घर जग्गामा निवेदकहरुले साविकदेखि नै भोग चलन गरिआएको अवस्था छ। यसै बीचमा विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणले क्षतिपूर्तिबिना नै कानून विपरित हुने गरी उक्त सडकखण्ड विस्तार गरी २२ मिटरको बनाउने भनी सडकको दुवै तर्फका जग्गाहरुमा नाप नक्शा गरी सडकको केन्द्र विन्दुबाट ११।११ मिटर सडकमा पर्ने जग्गाको साँध सीमाना छुट्याई चिन्ह लगाएको छ। यसरी घर जग्गाको क्षतिपूर्ति नै नदिई अधिग्रहण गरिँदा मेरो पक्षको सम्पत्ति सम्बन्धी संवैधानिक हक हनन् हुन जाने हुँदा घर जग्गाको उचित मुआब्जाबिना सडक विस्तार गर्ने गरी विपक्षीहरुले गरेका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकहरुलाई उचित र पर्याप्त क्षतिपूर्ति दिएर मात्र निवेदकहरुको घर जग्गा अधिग्रहण गर्नू भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश समेत जारी गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१४. विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री काशीनाथ अर्यालले, तत्कालिन श्री ५ को सरकारको निर्णय बमोजिम सडकको वर्गीकरण गरी मिति २०३४।०३।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको र सो सूचनामा गोकर्ण-साँखु सडकको चौडाई निर्धारिण गरिएको छ। सोही सूचना बमोजिम सडकको जग्गा सोही बखत अधिग्रहणमा परिसकेको छ। हाल आएर सोही सूचना बमोजिमको सडक विस्तारको कार्यसम्म भैरहेको हो। नेपाल सरकारले काठमाडौं उपत्यका भित्रका नगरपालिका एवं नगरोन्मुख गा.वि.स. हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ स्वीकृत गरी लागू गरेको र सोही मापदण्ड अनुसार मेरो पक्षले गोकर्णदेखि साँखुसम्म सडकको केन्द्र विन्दुबाट दुवैतर्फ ११।११ मिटर हुने गरी २२ मिटर फराकिलो सडक बनाउन चिन्ह लगाउने कार्य गरेको हो। एकपटक अधिग्रहणमा परिसकेको जग्गाको सम्बन्धमा पुनः मुआब्जा, क्षतिपूर्ति प्राप्त हुन सक्दैन। यसरी, कानून

बमोजिम भएका काम कारवाहीबाट रिट निवेदकको संवैधानिक एंव कानूनी हकमा आघात पुग्ने नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१५. विपक्षी सरकारी निकायको तर्फबाट उपस्थित हुनु भएका विद्वान् नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मीले, नेपाल सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गोकर्ण-साँखु सडक खण्डलाई जिल्ला मार्ग तोकी उक्त मार्गको सडक सीमा केन्द्र रेखादेखि दायाँ-बायाँ दुवैतिर १०।१० मिटर नेपाल राजपत्रमा मिति २०३४।०३।२० मा नै तोकिसकेको अवस्था छ। उक्त सूचनानुसार सडकको जग्गा सोही बखत अधिग्रहणमा परिसकेको छ। उक्त सडक सीमाभित्रै रही काठमाडौं उपत्यका विकास प्राधिकरणबाट साँखुबाट चाबहिल आउने-जाने बाटो विस्तार गर्न लागेको हो। यसबाट निवेदकको कुनै पनि हक अधिकार हनन् भएको वा हुने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१६. उपर्युक्तानुसारको बहस सुनी मिसिल संलग्न कागजात समेत अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिमको आदेश जारी हुने हो वा होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१७. निर्णयतर्फ विचार गर्दा, हामी रिट निवेदकहरु चाबहिल-साँखु सडक खण्डसँग जोडिएका घर जग्गा भएका व्यक्तिहरु आ-आफ्नो स्वामित्वको उक्त घर जग्गामा साविकदेखि नै भोग चलन गरिआएको अवस्थामा विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणले क्षतिपूर्तिबिना नै सम्पत्ति सम्बन्धी संवैधानिक हक हनन् हुने गरी कानून विपरित उक्त सडकखण्ड विस्तार गरी २२ मिटरको बनाउने भनी सडकको दुवै तर्फका जग्गाहरुमा नाप नक्शा गरी सडकको केन्द्र विन्दुबाट ११।११ मिटर सडकमा पर्ने जग्गाको साँध सीमाना छुट्याई चिन्ह लगाएको हुँदा विपक्षीहरुको उक्त काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी क्षतिपूर्ति दिएर मात्र घर जग्गा अधिग्रहण गर्नू भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश समेत जारी गरी पाऊँ भन्ने रिट निवेदनको मुख्य माग दावी रहेको देखिन्छ।

१८. यस अदालतबाट भएको आदेशानुसार प्राप्त हुन आएका विपक्षीका लिखित जवाफ हेर्दा, नेपाल राजपत्रको मिति २०३४।०३।२० को सूचनानुसार सडकको जग्गा सोही बखत अधिग्रहणमा परी सकेकोमा सोही सूचना बमोजिम हुने गरी साँखुबाट चाबहिल आउने-जाने सडक विस्तार गर्न लागेको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ परेको देखिन्छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफको व्यहोरा हेर्दा, रिट

निवेदनमा उल्लेख भएका विषयका सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने भनी उल्लेख भएको देखिन्छ। काठमाडौं उपत्यका विकास प्राधिकरणले, मिति २०३४।०३।२० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाले गोकर्ण-साँखु सडकको चौडाई १०।१० मिटर निर्धारण गरिएको हुँदा सोही अनुसार गोकर्णदेखि साँखुसम्म सडकको केन्द्र विन्दुबाट दुवैतर्फ ११।११ मिटर हुने गरी २२ मिटर फराकिलो सडक बनाउन चिन्ह लगाउने कार्य भएको भनी लिखित जवाफ पेश गरेको देखिन्छ। कानून बमोजिम सडक विस्तारको कार्यबाट निवेदकहरुको हक अधिकार हनन् नहुने भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भनी नेपाल सरकार, शहरी विकास मन्त्रालयको लिखित जवाफ परेको देखिन्छ।

१९. त्यसैगरी, नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले, रिट निवेदनको विषयवस्तुसँग प्रत्यक्ष सरोकार नरहेको भनी लिखित जवाफ पेश गरेको देखिन्छ। रिट निवेदकको जग्गामा बाटो विस्तार गर्ने, घर भत्काउने, कब्जा गर्ने कार्यहरु यस नगरपालिकाको अधिकारक्षेत्रभित्र नभएको भनी कागेश्वरी मनोहरा नगरपालिका कार्यालयको लिखित जवाफ रहेको देखिन्छ। शंखरापुर नगरपालिका कार्यालयको लिखित जवाफ हेर्दा, रिट निवेदनमा उल्लेख गरे अनुसार घर जग्गा कब्जा गर्ने, जबरजस्ती वाल लगाउने र बाटो विस्तार गर्ने जस्ता कार्य यस नगरपालिकाले नगरेको भनी व्यहोरा उल्लेख भएको देखिन्छ। कानून बमोजिम तोकिएको प्रक्रिया र मापदण्ड अनुसार सडक विस्तार तथा सडक निर्माणको क्रममा भए, गरेका काम कारवाहीबाट रिट निवेदकको संवैधानिक एवं कानूनी हक अधिकारमा बाधा नपुग्ने भनी सडक विभागले लिखित जवाफ पेश गरेको अवस्था देखिन्छ।

२०. राज्यले व्यक्तिको सम्पत्ति मनलागी रुपमा नियन्त्रण गर्ने, प्राप्त गर्ने जस्ता कामकारवाही गर्न सक्दैन तथापि, सम्पत्ति उपर राज्यको पहिलो हक (eminent domain) राज्यमा अन्तर्निहीत रहने साम्पत्तिक अधिकार सम्बन्धी विधिशास्त्रीय मान्यतालाई हाम्रो कानूनी प्रणालीले समेत अङ्गिकार गरेको पाइन्छ। नेपालको संविधानको धारा २५ को उपधारा (१) मा, ***"प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ"*** भन्ने उल्लेख भएको पाइन्छ। सोही धारा २५ को उपधारा (२) मा, ***"सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकार सिर्जना गर्ने छैन"*** भन्ने उल्लेख भएको पाइन्छ। त्यसैगरी सोही धारा २५ को उपधारा (३) मा, ***"सार्वजनिक हितका लागि राज्यले कुनै***

*पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्य प्रणाली ऐन बमोजिम हुनेछ"* भनी उल्लेख भएको देखिन्छ।

उल्लिखित संवैधानिक व्यवस्थाले सार्वजनिक हितका लागि भने राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकार सिर्जना गर्न सक्ने गरी राज्यलाई अधिकार प्रदान गरेको पाइन्छ। विशेषतः व्यक्तिगत सम्पत्ति राज्यले प्राप्त गर्नुपर्ने व्यवहारिक बाध्यता पनि आइपर्ने हुन्छ तथापि, कानून बमोजिम क्षतिपूर्ति वा मुआब्जा दिएर मात्र राज्यले व्यक्तिगत सम्पत्ति प्राप्त गर्ने सक्ने अनिवार्य शर्त रहेको पाइन्छ। हाम्रो न्यायिक अभ्यास पनि यसै शर्तबाट निर्देशित रहेको पाइन्छ। यसै सम्बन्धमा, *डा. भाइकाजी तिवारी समेत वि. चतुर्भुज भट्ट समेत* भएको उत्प्रेषण समेतको रिट निवेदन (नेकाप २०७२, अङ्क १२, नि.नं. ९५०८, संयुक्त इजलास) मा यस प्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

> *"बृहत् सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्तिमाथि नियन्त्रण गर्न सक्ने मान्यतालाई अपवादको रूपमा स्वीकारिएको पाइन्छ। खास गरी* **eminent domain** *र* **police power** *को सिद्धान्त अनुसार राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि नियन्त्रण, नियमन र अङ्कुश लगाउन सक्ने मान्यता रहेको छ। तथापि यसको प्रयोग समेत राज्यले असीमित रूपमा गर्न सक्दैन । यसका निश्चित सीमा, प्रक्रिया र कार्यविधि रहेका हुन्छन्। त्यसका आधार र सीमाहरू राज्यको कानूनबाट निर्दिष्ट गरिएको हुनु पर्दछ। राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरेका त्यस्ता आधार र सीमाहरूमा बाँधिनु पर्ने।"*

त्यसैगरी, *सानु श्रेष्ठ समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको उत्प्रेषण समेतको रिट निवेदन (नेकाप २०७५, अङ्क ४, नि.नं. ९९८६, पूर्ण इजलास) मा यस प्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

> *"सम्पत्तिको अधिकार सम्बन्धी विधिशास्त्रीय मान्यतामा सार्वजनिक हितका लागि राष्ट्रिय सम्पत्ति उपर राज्यको पहिलो हक (eminent domain) राज्यमा अन्तर्निहीत रहने र सम्पत्ति प्राप्त गर्ने सन्दर्भमा राज्यलाई उक्त सिद्धान्त अन्तर्गत व्यक्तिको सम्पत्ति बृहत्तर राष्ट्रिय हितका लागि राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने।";*
>
> *"राज्यलाई सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति आवश्यक परी अधिग्रहण गर्नुपर्ने भएमा कानूनले निर्धारण गरेको प्रक्रिया पुऱ्याएर मात्रै अधिग्रहण गर्न सकिने।"*

२१. प्रस्तुत रिट निवेदनमा रिट निवेदकहरुले दावी गरेको घर जग्गा गोकर्ण-साँखु सडक खण्डसँग जोडिएको जग्गा रहेको भन्ने छ। विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणबाट मिति २०७२।१२।२७ मा प्रकाशित सूचना हेर्दा, काठमाडौं उपत्यकाभित्र सडक विस्तार भैरहेको हुँदा सडक विस्तारको लागि चिन्हो लगाइएका सडक सँगैका घर, जग्गा धनीहरुले स्वीकृत निर्माण नक्शा तथा प्रमाणसहित क्षतिपूर्तिको लागि माग गर्न तथा मापदण्ड विपरित निर्माण भएका संरचना ३५ दिनभित्र हटाउन भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ। उल्लिखित सूचना कानून विपरित निर्माण भएका घर टहरा लगायतका संरचना हटाई सडक सीमा खाली गर्ने विषयमा रहेको देखिन्छ। गोकर्ण-साँखु सडकलाई तत्कालिन श्री ५ को सरकारले जिल्ला मार्ग घोषित गरी मिति २०३४।०३।२० मा राजपत्रमा सूचना प्रकाशित गरी उक्त मार्गको केन्द्र विन्दुबाट दायाँ-बायाँ १०।१० मिटरसम्म सडकसीमा तोकेको पाइन्छ। उल्लिखित मिति २०३४।०३।२० को सूचना बमोजिम उक्त गोकर्ण-साँखु सडकको मध्य विन्दुबाट १०।१० मिटर भित्रको जग्गाको हकमा अब आएर क्षतिपूर्ति पाउन सक्ने अवस्था रहेनछ भनी मान्नुपर्ने देखिन आउँछ। २०३४ सालमै सडकसीमा तोकी अधिग्रहणमा परिसकेको जग्गामा अब आएर क्षतिपूर्तिको दावी लाग्दछ भन्दा व्यावहारिक दृष्टिकोणबाट पनि उचित हुँदैन। यसै सम्बन्धमा, ***"...मिति २०२१।११।११ को सूचना बमोजिम सडकको मध्य विन्दुबाट २५।२५ गज भित्रको जग्गाको हकमा तत्कालिन कानूनी व्यवस्था अनुसार सोही बखत क्षतिपूर्ति प्राप्त भैसकेको मान्नुपर्ने..."*** भनी *वासुदेव श्रेष्ठ समेत वि. डिभिजन सडक कार्यालय, हेटौंडा, मकवानपुर समेत* भएको ०७३-WO-०८७१ को उत्प्रेषण समेतको रिट निवेदनमा यस अदालतबाट मिति २०७८।०८।२० मा आदेश समेत भएको पाइन्छ। तसर्थ, दावीको घर जग्गा गोकर्ण-साँगु सडकको केन्द्र विन्दुबाट १०।१० मिटरभित्रै परेको हद सम्ममा यी रिट निवेदकहरुले अब आएर कुनै क्षतिपूर्ति पाउने अवस्थाको विद्यमानता देखिन आएन।

२२. जहाँसम्म उल्लिखित सडकको केन्द्र रेखादेखि दायाँ-बायाँ १०।१० मिटरभन्दा पनि बाहिरको घर जग्गाको सवाल छ, सो सम्बन्धमा हेर्दा, सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ को प्रयोग गरी तत्कालीन श्री ५ को सरकारले मिति २०३४।०३।२० को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गोकर्ण-साँखु सडकको केन्द्र रेखादेखि दायाँ-बायाँ १०।१० मिटर सडकसीमा तोकेको अवस्थामा विपक्षीहरुबाट ११।११ मिटरसम्म सडक विस्तार गर्न लागेको भन्ने रिट निवेदकहरुको दावी जिकिर रहेको देखिन्छ। विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको लिखित जवाफको व्यहोरा हेर्दा पनि गोकर्ण-साँखु सडक ११।११ मिटर विस्तार गर्न चिन्हो लगाएको भनी उल्लेख भएको अवस्था

देखिन्छ। नेपालको संविधानको धारा २५ ले सम्पत्ति सम्बन्धी हकलाई नागरिकको मौलिक हकको रुपमा मान्यता प्रदान गरी सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न नसक्ने तथा सार्वजनिक हितका अधिग्रहण गरिँदा पनि ऐनले व्यवस्था गरेको क्षतिपूर्ति प्रदान गर्नुपर्ने भनी संवैधानिक रुपमै उल्लेख गरेकै छ। सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले अतिक्रमित सम्पत्तिको उचित क्षतिपूर्ति प्रदान गरेर मात्र सडक विस्तार गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ।

२३. उल्लिखित संवैधानिक तथा कानूनी प्रावधानले सार्वजनिक प्रयोजनकै लागि भए तापनि उचित क्षतिपूर्ति प्रदान नगरी कसैको व्यक्तिगत सम्पत्ति वा घर जग्गामाथि स्वतः सरकारको अधिकार श्रृजना हुन सक्ने देखिँदैन। यसै सम्बन्धमा, उल्लिखित *सानु श्रेष्ठ समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको उत्प्रेषण समेतको रिट निवेदनमा यस प्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

> ***"नियमित कार्यको रूपमा सम्पन्न गर्नुपर्ने विकास निर्माण र सोको पूर्वाधारको निर्माणको लागि जग्गा प्राप्त नगरी सरकारको अधिकार सृजना हुने वा प्राप्त जग्गाको मुआब्जा दिनु नपर्ने भन्ने कल्पनासम्म पनि गर्न सक्ने अवस्था नरहने";***
>
> ***"सम्पत्तिको सुरक्षा प्रत्याभूत गर्ने संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल कार्य गर्न सकिन्छ भनी मान्यता प्रदान गर्ने हो भने सरकार र मातहत निकाय वा पदाधिकारीको इच्छा र चाहनाले कानूनमाथि शासन गर्न पुग्दछ जो सर्वथा कानूनी शासनको सिद्धान्तको प्रतिकूल हुन जाने।"***

सोही रिट निवेदनमा, सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले सडक सीमाको निमित्त जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था गरेको हुँदा कानून बमोजिम जग्गा प्राप्त गरेर मात्र सडक सीमा तोक्नू; आवासको हकबाट बञ्चीत गर्ने कार्यलाई अन्त्यन्तै संवेदनशील ढङ्गले ग्रहण गरी विकल्पहीन अवस्थामा बाहेक आवासको सुरक्षालाई प्रतिकूल असर पर्ने गरी कार्य नगर्नू गराउनू भनी निर्देशनात्मक आदेश समेत जारी भएको पाइन्छ।

२४. उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्था एवं यसै अदालतबाट प्रतिपादित न्यायीक सिद्धान्त समेत मिति २०३४।०३।२० मा प्रकाशित राजपत्रको सूचनाले तोकेको १०।१० मिटरभन्दा बाहिरको रिट निवेदकहरुको दावीको घर जग्गाको हकमा प्रत्यक्ष रुपमा नै आकर्षित हुने देखिन्छ। यसरी, सार्वजनिक सडक ऐन, २०३१ को ३ बमोजिम तत्कालिन श्री ५ को सरकारबाट मिति २०३४।०३।२० मा प्रकाशित राजपत्रको सूचना बमोजिमको गोकर्ण-साँखु सडकको केन्द्रबाट दायाँ-बायाँ १०।१० मिटरभन्दा

बाहिरको थप सीमाको हकमा त्यस्तो जग्गा कानून बमोजिमको प्रकृया पुरा गरेर मात्र प्राप्त गर्न सकिने देखिन्छ। यसै सम्बन्धमा, *गोकुलमान तण्डुकार समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत* भएको उत्प्रेषण समेतको रिट निवेदन (नेकाप २०७०, अङ्क २, नि.नं. ८९६६, संयुक्त इजलास) मा, ***"सार्वजनिक सडक क्षेत्रमा कुनै पनि किसिमका भौतिक संरचनाको निर्माण गर्न नहुने र पहिले तोकिएको भन्दा बढी सडक क्षेत्रको मापदण्ड विस्तार गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम जग्गा अधिग्रहण गरी जग्गाधनीलाई मुआब्जा दिई मात्र सडक विस्तार गर्नुपर्ने।"*** भनी कानूनी सिद्धान्त प्रतिपादिन भएको पाइन्छ। यसै विषयसँग सम्बन्धित, *हिराकुमारी घले समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत* भएको उत्प्रेषण समेतको रिट निवेदन (नेकाप २०७७, अङ्क १, नि.नं. १०४२२, संयुक्त इजलास) मा प्रतिपादित देहायको कानूनी सिद्धान्तलाई यहाँ उल्लेखन गर्नु सान्दर्भिक देखिन्छः-

> ***"त्रिभुवन राजपथ लगायतका राजमार्गहरूमा राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अन्तर्गत नेपाल सरकारबाट मिति २०२१।११।११ मा प्रकाशित सूचना बमोजिमको "राजमार्ग क्षेत्र" घोषित सडकको केन्द्रबाट दायाँ-बायाँ २५ गज सम्मको जग्गाको हकमा सो ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्था छ भनी प्रमाणित गर्न सकेको हदसम्म घर इमारतको र २५ गज अर्थात् ७५ फिटदेखि बाहिरको अर्थात् सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ तथा ३क बमोजिम नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित मिति २०३४।३।२० को सूचनाद्वारा थप सीमाको हकमा त्यस्तो जग्गा कानून बमोजिम प्राप्त गरेर मात्र सडक विस्तार गर्न सकिने हुँदा सो प्रक्रिया प्रारम्भ गर्नु र त्यसरी कायम हुन आउने ७५ फिट बाहिरको जग्गा एवं घर टहरा लगायतका संरचनाको हकमा सोही ऐनको दफा १९ विपरित निर्माण गरिएका होइनन् भन्ने स्थापित हुने संरचनाहरूको समेत कानून बमोजिम क्षतिपूर्ति प्रदान गर्नु पर्ने।"***

२५. यस अवस्थामा सार्वजनिक सडक ऐन, २०३१ अन्तर्गत सडक सीमा तोकिएको उक्त गोकर्ण-साँखु सडकको केन्द्रबाट १०।१० मिटरभन्दा बाहिरको घर जग्गा प्राप्त गर्नुपर्ने भएमा प्रचलित कानून अर्थात् जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतको प्रक्रिया पूरा गरी क्षतिपूर्ति प्रदान गरेर मात्र प्राप्त गर्नुपर्ने देखिँदा, यी रिट निवेदकहरुको दावीको घर जग्गाको हकमा पनि उक्त घर जग्गा सडकको केन्द्र रेखाको दायाँ-बायाँ १०।१० मिटर बाहिर पर्ने हो वा होइन भन्ने विषयमा स्पष्ट रुपमा जाँचबुझ गरी सडकको केन्द्र रेखादेखि दायाँ-बायाँ १०।१० मिटरभन्दा बाहिरको फासलामा पर्ने भएमा सो घर जग्गाको हकमा

कानून बमोजिमको प्रक्रिया पूरा गरी उचित क्षतिपूर्ति निर्धारण गरी रिट निवेदकहरुलाई क्षतिपूर्ति प्रदान गरेर मात्र निज निवेदकहरुको घर जग्गा प्राप्त गर्ने कार्य गर्नू गराउनू भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश सम्म जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आयो।

२६. अतः उल्लिखित आधार कारणबाट रिट निवेदकहरुको दावीको घर जग्गा गोकर्ण-साँखु जिल्ला मार्ग (सडक) को केन्द्र विन्दुबाट १०।१० मिटरभित्र परेको हद सम्ममा निज निवेदकहरुको कुनै हक कायम रहेको नदेखिँदा, उक्त सडक सीमाको अतिक्रमण हटाउन भनी भएका काम कारवाही समेत सो हदसम्म कानूनसम्मत रहेको तथा उक्त बाटो निर्माण कार्य सम्पन्न समेत भैसकेको भन्ने बहसको क्रममा खुल्न आएको हुँदा अब अदालतले उक्त काम कारवाही बदर गरिरहन परेन। अब, गोकर्ण-साँखु जिल्ला मार्गको केन्द्र विन्दुबाट १०।१० मिटरभन्दा बाहिरको फासलामा पर्ने रिट निवेदकहरुको घर जग्गा समेत प्राप्त गर्नुपर्ने भएमा सो घर जग्गाको हकमा सम्म कानून बमोजिमको प्रकृया पुरा गरी निवेदकहरुलाई उचित क्षतिपूर्ति प्रदान गरेर मात्र घर जग्गा खाली गर्नू गराउनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(बालकृष्ण ढकाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
प्रधान न्यायाधीश

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली
कम्प्युटर अपरेटर : राधिका घोरासाइने

ईति संवत् २०८० साल चैत्र महिना ५ गते रोज २ शुभम्...............................।